का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ असार २०७९,
शनिबार
18 June 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १३३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



म्याग्दीको मंगला गाउँपालिका-२ रनबाङमा ट्र्याक्टरले खेत जोतेर धान रोपाइँ गर्दै किसान । तस्वीरः कमल खत्री, रासस

जंगली च्याउहरू विषालु
पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान
गरेर मात्र खाऔं ।

खेती गरेर उमारेका च्याउ
मात्र खाने गरौं ।
अमुल्य जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एसपीपी

# सेफ ल्याण्डिङको सकस

सन् २०१५ देखि नै औपचारिक प्रक्रिया पहल भएर सन् २०१९ मा अमेरिकाले स्वीकार गरिरहेको एसपीपीबारे बहस सतहमा आएपछि दलहरुलाई यसबाट पन्छिन निकै सकस परेको छ । कुनै न कुनै बेला यसमा जोडिएका दलहरु जनदवावपछि अस्वीकार गर्नेमा एक भएका छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ असार ।

प्रधानसेनापति प्रभुराम शर्माका अनुसार अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी)मा नेपालको संलग्नताबारे औपचारिक पहल २०७२ सालबाटै भएको हो । नेपालले एसपीपीमा संलग्नताबारे चासो राखेपछि जानकारीसहितको पत्र अमेरिकाले नेपाली सेनालाई पठायो । त्यसपछि २०७२ भदौ २४ गते नेपाली सेनाले रक्षा मन्त्रालयलाई अमेरिकी राज्यबाट प्राप्त पत्रमा सरकारको राय गर्दै पत्राचार गऱ्यो । त्यसबेला नेपालमा तत्कालिन कांग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री थिए, कोइरालाले नै रक्षा मन्त्रालयको पनि जिम्मेवारी सम्हालेका थिए ।

प्रधानसेनापति शर्माकै अनुसार २०७२ असोज १३ गते रक्षा मन्त्रालयले नेपाली सेनालाई एसपीपीबारे अगाडि बढ्न भनेर पत्र पठायो । प्रधानसेनापति शर्मा भन्छन्, 'त्यसबेला मुलुकमा बाी, पहिरो र भुकम्पको विपत्त थियो । विपत्तमा सहयोग गर्ने कार्यक्रम भनेकाले नेपालले पनि चासो राखेको हो ।' उनका अनुसार रक्षा मन्त्रालयले सकारात्मक जवाफ पठाएपनि तुरुन्तै अमेरिकालाई पत्र लेखेन । तत्कालीन प्रधानमन्त्री राजेन्द्र क्षेत्रीले कात्तिक १० गते अमेरिकालाई पत्र पठाए । जुन पत्र सार्वजनिक भएको छ ।

उच्च अधिकारीहरु भन्छन्, 'एसपीपीबारे रक्षा मन्त्रालयको – बाँकी पृष्ठ २ मा

संसदीय समितिले सरकारलाई भन्यो-

## एसपीपी लिन्न भन्नु

शुक्रबार परराष्ट्रमन्त्री डा.नारायण खड्का, प्रधान सेनापति प्रभुराम शर्मा, रक्षा मन्त्रालयका सचिव किरण शर्मा लगायतसँग एसपीपीबारे छलफल गरेर प्रतिनिधिसभाको अन्तराष्ट्रिय सम्बन्ध समितिले एसपिपी मा अब उप्रान्त नेपाल संलग्न नहुने भनी अमेरिकालाई जानकारी गराउन भनेको छ ।

'अमेरिकी राज्य साझेदारी कार्यक्रम अमेरिकी हिन्द प्रशान्त रणनीतिकको हिस्साको रुपमा रहेको तथ्य संयुक्त राज्य अमेरिका सरकारद्धारा प्रकाशित रणनीतिक प्रतिवेदनमा उल्लेख भएकाले उक्त कार्यक्रममा अब उप्रान्त नेपाल संलग्न नहुने कुरा रुपष्ट रुपमा औचािरिक किसिमले अमेरिकालाई अवगत गराउन नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने ।' समितिको निर्णयमा उल्लेख छ ।

## अमेरिकी आशंका

अमेरिकी सहायक विदेशमन्त्री लुले चीनको नाम नलिइ नेपालको सबैभन्दा ठूलो छिमेकीले एसपीपीमा अनावश्यक खेलिरहेको आरोप लगाएका हुन् ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ असार ।

नेपालमा एसपीपीबारे चलेको बहसमा अमेरिकाले चासो देखाएको छ । साथसाथै बहसमा चिनिया पक्षप्रति आशंका गरेको छ । अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लु चीनले एसपीपीलाई लिएर नेपालमा अनावश्यकरूपमा प्रोपोगाण्डा मच्चाइरहेको गम्भीर आरोप लगाएका हुन् ।

टेक्सस राज्यको डल्लासमा नेपाली समुदायका सीमित व्यक्तिहरूसँगको अन्तरक्रियामा बोल्दै लुले नेपालको ठूलो उत्तरी छिमेकीले एमसीसी कार्यान्वयन हुन नदिन पनि खेलिरहेको आरोप लगाएका हुन् । सहायक विदेशमन्त्री लुले एमसीसी र एसपीपीबीच कुनै सम्बन्ध नरहेको समेत बताएका छन् । उनले एसपीपी नेपाली सेनालाई सघाउने कार्यक्रममात्र रहेको बताए ।

लुले चीनको नाम नलिइ नेपालको सबैभन्दा ठूलो छिमेकीले एमसीसी फेल गराउने प्रयास गरेको र एसपीपीमा पनि अनावश्यक खेलिरहेको आरोप लगाएका हुन् । चीनको नाम नलिइ उनले उत्तरी छिमेकीले – बाँकी पृष्ठ २ मा

# पोल्याण्डमा रोजगारीको प्रलोभन देखाएर २० लाख ठगी, विभागद्वारा मुद्दा दायर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार

वैदेशिक रोजगार विभागले आकर्षक तलब र सुविधाको रोजगारीका लागि पोल्याण्ड पठाउँछु भन्दै ठगी गरेको अभियोगमा एक जनाविरूद्ध ३० लाख रूपैयाँ भन्दा बढीको बिगो दाबी गरी वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको छ ।

पोल्याण्डमा कृषि काममा मासिक झण्डै १ लाख ८० हजार रुपैयाँ तलब हुने भनी काठमाडौं सुकेधारा बस्ने पूर्णकुमार दाहालले दोलखाकी सरिता भुजेललाई २१ लाख रूपैयाँ खर्च लाग्ने भन्दै २० लाख १० हजार लिई वैदेशिक रोजगारमा नपठाएको विभागले बताएको छ ।

वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको ठगीको मुद्दामा पूर्ण कुमारले दोलखाकी भुजेललाई जम्मा खर्च २१ लाख लाग्ने र पोल्याण्डमा कृषिको काममा मासिक झण्डै १ लाख ८० हजार रुपैयाँ तलब हुने कागजसमेत गरेको विभागले बताएको छ ।

शुरूमा २१ लाख लाग्ने कागज गरेपनि २० लाख २० हजार रुपैयाँ ठगी गरेको विभागले दाबी गरेको छ । रकम लिएर लामो समयसम्म नपठाएपछि रकम फिर्ता र वैदेशिक रोजगार ऐन अनुसार क्षतिपूर्तिको माग गर्दै भुजेलले वैदेशिक रोजगार विभागमा उजुरी दिएकी थिइन् ।

विभागले वैदेशिक रोजगार ऐन २०६४ को दफा १० र दफा ४३ विपरीतको कसुर गरेको भन्दै दाहाललाई उनले लिएको २० लाख २० हजार र त्यसको ५० प्रतिशतले हुन आउने हर्जना रकम १० लाख १० हजारसमेत गरी ३० लाख ३० हजार माग दाबी लिएको हो ।

विभागले वैदेशिक रोजगारमा व्यक्तिगतरूपमा भएको ठगीविरूद्ध मुद्दा दायरा गर्ने क्रमलाई तिव्रता दिएको छ । यसअघि विभागले युरोपका विभिन्न मुलुकमा वैदेशिक रोजगारमा लैजाने भन्दै ठूलो परिमाणको रकम ठगी गरेको आरोपमा अर्को एक शैक्षिक – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## इजरायलमा कामदार पठाउने प्रक्रिया जारी

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा सहयोगी कामदारका रूपमा छनोट भएका युवायुवतीलरहरूलाई पठाउन आवश्यक प्रक्रिया चलिरहेको बताएको छ ।

छनोटमा परेकाहरूले आफुहरूलाई पठाउन उचित तत्परता नदेखाएको गुनासो गरिरहेको बेला शुक्रबार एक विज्ञप्ति जारी गर्दै विभागले सकेसम्म छिटो पठाउन प्रक्रिया शुरु गर्न विभिन्न प्रयासहरू भइरहेको बताएको छ । विभागले छनोटमा परेकालाई पठाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट समेत आवश्यक पहल भइरहेको बताएको छ ।

नेपाल सरकार र इजरायल सरकारबीच भएको श्रम सम्झौता अनुसार इजरायलको – बाँकी पृष्ठ २ मा



# बेखबर ओली !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ असार ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफू नेतृत्वको सरकार भएको बेला अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) स्वीकृत नभएको दाबी गरेका छन् । एसपीपी एमालेका अध्यक्ष ओली नेतृत्वको सरकारले स्वीकार गर्न सहमति दिएको सूचना सार्वजनिक भएपछि प्रष्टोक्ति दिएका हुन् ।

'असोज ६ गते तत्कालिन प्रधानमन्त्री सुशील कोइरालाले रक्षामन्त्रीको हैसियतमा पत्र लेख्न भन्नुभएको रहेछ । म असोज २४ गते प्रधानमन्त्री भएँ । कात्तिकामा यसलाई अन्तिम रूप दिइएको रहेछ,' उनले भने, 'यसबारे मलाई थाहाँ भएन । सायद, एमालेको सरकार बन्ने जस्तो भएपछि कांग्रेस नेतृत्वको सरकारले यसलाई अघि बढाइदिएको होला', उनले भने ।


तत्कालीन प्रधानसेनापति राजेन्द्रबहादुर क्षेत्रीले एसपीपी स्वीकार्ने गरी अमेरिकी सरकारलाई पत्र लेखेको भनिए पनि ओलीले यसबारे आफूलाई कुनै जानकारी नभएको उनको दाबी छ । तर, नेपालले एसपिपीमा सहभागी हुन सन् २०१५ र २०१७ मा निवेदन दिएको र अमेरिकाले सन् २०१९ मा निवेदन स्वीकृत गरेको दुतावासको दाबी छ ।

'त्यो र अहिलेको चिज फरक हो । एमसिसी पारित भएपछि गठबन्धन सरकार हौसिएको होला । अहिलेको विषयलाई मिनिमाइज गर्न पहिलाको कुरा खोतलिएको हो,' उनले भने, 'यो १० बुँदे नयाँ हो । यहाँ अमेरिकी सेनाले तालिम केन्द्र सञ्चालन गर्ने हातहतियार प्रयोग गर्ने जस्ता विषयआएका छन् । यो हामीलाई स्वीकार्य छैन', ओलीले भने । उनले माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा समेत यसलाई अघि बढाइए पनि आफू दोस्रो पटक प्रधानमन्त्री भएपछि यसलाई रोकेको दाबी गरका छन् । तर, नेपाली सेनाले भने सावर्जनिक स्वीकृतिपत्र नक्कली नभएको पुष्टि गरेको छ ।

यद्यपि, अमेरिकी दूतावासले सञ्चारकर्मीहरु बोलाएर एसपिपी सम्झौताको कुनै पनि मस्यौदा नेपाल सरकारलाई नबुझाएको बताएको छ । प्रधान सेनापति राजेन्द्र क्षत्रीले एसपिपीमा – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
४ असार २०७९, शनिबार
18 June 2022, Saturday

# डडेल्धुरामा मेडिकल कलेज स्थापना गर्न गुरुयोजना निर्माण गरिँदै



**महेन्द्रनगर/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले सुदूरपश्चिम विश्वविद्यालयमा चिकित्साशास्त्र अध्ययन सुरुआत गर्ने र डडेल्धुरामा मेडिकल कलेज स्थापनाको सम्भाव्यता अध्ययन तथा गुरुयोजना निर्माण गर्ने कार्य अगाडि बढाएको बताएका छन् ।

कञ्चनपुरको महेन्द्रनगरमा सुदूरपश्चिम विश्वविद्यालयद्वारा शुक्रबार आयोजित दोस्रो दीक्षान्त समारोहमा प्रधानमन्त्री देउवाले सुदूरपश्चिम विश्वविद्यालयलाई मेडिकल कलेज सञ्चालन गर्न आवश्यक बजेटसमेत विनियोजन गरेको बताए । विश्वविद्यालयको शिक्षा केवल औपचारिक र सैद्धान्तिक मात्र नभएर व्यवहारिक, जीवनपयोगी तथा समाजको विकास र रुपान्तरणमा सहयोगी हुनुपर्नेमा उनको जोड थियो ।

'लोकतान्त्रिक प्रणालीलाई थप सबल र सुदृढ बनाउन र अर्थतन्त्रलाई तीव्र रुपान्तरण गर्न, युग सुहाउँदो, वैज्ञानिक एवम् प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ', प्रधानमन्त्री देउवाले भने, 'आजको प्रतिस्पर्धी विश्व शैक्षिक बजारमा विश्वविद्यालयले समयानुसार शैक्षिक तथा व्यवस्थापकीय सुधार गर्दै अघि बढ्नुपर्छ ।' सुदूरपश्चिम विश्वविद्यालयले यहाँका नागरिकको उच्च शिक्षाको पहुँच विस्तार गर्न महत्वर्पूण भूमिका निर्वाह गर्दै आएको बताउँदै उनले विश्वविद्यालयले दक्ष जनशक्ति उत्पादन गरी मुलुकको खाँचो पूरा गर्न सहयोग पुर्‍याएको धारणा राखे । सो अवसरमा प्रधानमन्त्री देउवाले दीक्षित विद्यार्थीलाई पदक वितरणसमेत गरे ।

समारोहमा भारतको कुमाउँ विश्वविद्यालयका कुलपति प्राध्यापक नरेन्द्रकुमार जोशी, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेललगायतले आफ्नो धारणा राखेका थिए ।

# एक तिहाइ मात्रै सडक कालोपत्र हुने



काठमाडौं/रासस- चालु आर्थिक वर्षमा लक्ष्यको एक तिहाइ सडक मात्रै कालोपत्र हुने भएको छ । पूरक बजेट ढिला आउनु, कोभिड संक्रमण नहट्नु र निर्माण व्यवसायीको 'कन्सट्रक्सन होलिडे' का कारण लक्ष्यभन्दा कम मात्रै सडक कालोपत्र हुने देखिएको हो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चालु आवमा एक हजार ८०० किमी सडक कालोपत्रको लक्ष्य लिएको थियो । गत महिनासम्ममा झण्डै ६०० किमी मात्रै कालोपत्र गरिसकिएको सडक विभागका महानिर्देशक अर्नुनजङ्ग थापाले बताए । आठ सय किमी सडक ग्राभेल गर्ने लक्ष्य लिइएकामा हालसम्म २९५ किमी सम्पन्न भएको छ । अहिले पनि 'कन्सट्रक्सन होलिडे'का कारण निर्माण सुस्त छ । उनले भने, 'यो महिनाको अन्तिमसम्ममा एक डेढ सयसम्म बढ्नसक्छ ।'

गत महिनासम्ममा मन्त्रालयको भौतिक प्रगति ५५ प्रतिशत थियो । भुक्तानी कम भएकाले वित्तीय प्रगति भने झण्डै ३९ प्रतिशतमात्रै थियो । कतिपय योजनामा काम हुने तर बजेट नहुने र कतिपयमा बजेट हुने तर काम नहुने समस्या रहेको छ । काम भएको शीर्षकमा पैसा नभएमा काम नभएका शीर्षकबाट त्यसमा रकमान्तर गर्नुपर्ने हुन्छ । अर्थमन्त्रालयमा रकमान्तरका लागि अनुरोध गरिएको र मन्त्रालयले स्वीकृत गरेपछि भुक्तानी गरिने महानिर्देशक थापाले बताए ।

चालु आवमा प्रगति ६० देखि ६५ प्रतिशत पुग्ने अनुमान गरिएको छ । गत वर्षमा शुरु विनियोजनअनुसार ७६ प्रतिशत प्रगति भएको थियो । चालु आवमा गत वर्ष जति प्रगति नहुने उनको भनाइ थियो ।

चालु आवमा पूरक बजेट तीन महिना ढिला भएकाले यकिन विनियोजन ढिला मात्रै थाहा भएको महानिर्देशक थापाले बताए । पछिल्लो दुई वर्षदेखि कोभिड सङ्क्रमणका कारण निर्माणमा असर पुगिरहेको छ । चालु आवमा पनि सङ्क्रमणका कारण निर्माणमा अवरोध पुगेको भएको मन्त्रालयले जनाएको छ ।

अहिले युक्रेन युद्धका कारण पेट्रोलियम पदार्थ, रड, छडलगायतको निर्माण सामग्रीको भाउ निकै बढेको छ । युद्ध अघि ती सामग्रीको भाउ अहिले दोब्बर भएपछि निर्माण व्यवसायीले 'कन्सट्रक्सन होलिडे' गरिरहेका छन् । महानिर्देशक थापाले भने, 'व्यवसायीले अलकत्राको काम नगरेको, छडको काम कम गरेको र इन्धन लाग्ने काम कम गरेका छन् ।'

सरकारले केही वर्ष यता बर्सेनि ३०० पुल निर्माणको लक्ष्य लिँदै आएको छ । गत महिनासम्ममा १०१ पुल निर्माण गरिएको थियो । अरु पुल पनि सम्पन्न भइरहेको महानिर्देशक थापाले बताउनुभयो । कतिपय पुलको मुख्य संरचना निर्माण सकिएर रेलिङ, रङ, पहुँच सडक बन्न बाँकी छ । उनले भने, 'यो महिनामा गत वर्षभन्दा कम हुँदैन भन्ने विश्वास छ ।'

अहिले निर्माणाधीन सडक र पुल समयमा नसकिएमा असार पछि अवधि थप गर्नुपर्ने हुनसक्ने सडक विभागले जनाएको छ । ठेक्काको अवधि थप्नका लागि कारण चाहिने महानिर्देशक थापाले बताए । योजना समयमा नसकिनु नै प्रमुख कारण भएकाले त्यो अर्को वर्षका लागि धकेलिन सक्ने उनको भनाइ थियो ।

समग्रमा सडकमा प्रगति कम भए पनि राष्ट्रिय गौरवको आयोजनामा भने चालु आवमा छुट्टाइएको रकमभन्दा बढी खर्च हुने देखिएको छ । अहिले नै ती आयोजनामा शुरुमा भएको विनियोजन रकम खर्च भइसकेको छ । भौतिक प्रगतिका आधारमा पनि उल्लेखीय काम भएको पाइएको विभागका महानिर्देशक थापाले बताए । मदन भण्डारी राजमार्गमा चालु आवमा रु दुई अर्ब विनियोजन भएकामा हालसम्म रु साढे तीन अर्ब खर्च भइसकेको छ । सो आयोजनामा अझै एक डेढ अर्ब थप खर्च हुने देखिएको छ । हुलाकी राजमार्गमा पनि गत वर्षहरुमा जस्तै धेरै खर्च भएको उनले जानकारी दिए । मध्यपहाडीमा विभिन्न किसिमका विवादले तुलनात्मकरुपमा कम खर्च भएको छ । चालु आवमा लक्ष्यभन्दा कम प्रगति हुने देखिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवले विनियोजन बजेट शिर्षकमाथि प्रतिनिधिसभाको बैठकमा बताएकी थिइन् । सरकारले विगतमा शुरु गरेका कतिपय योजनाका स्तरोन्नति आगामी आवमा हुने उनले त्यसबखत जानकारी दिएकी थिइन् ।

चालु आवको पहिलो आठ महिनामा ३२५ किमी सडक कालोपत्र र ८० पुल निर्माण भएको सरकारले गत महिना सार्वजनिक गरेको आर्थिक सर्वेक्षणमा उल्लेख छ । उक्त सर्वेक्षणअनुसार गत फागुनसम्ममा २६५ किमी सडक खण्डस्मिथ (ग्राभेल) भएको थियो भने ९५ किमी मर्मत भएको थियो ।

## एसपीपी...

सकारात्मक जवाफ आउँदा र अमेरिकालाई लेख्दा फरक फरक सरकार थियो । तर, दुबै सरकारको सहमतिमै नेपाली सेनाले काम गरेको हो । अघिल्लो सरकारले सकारात्मक संदेश दिएको थियो भने पछिल्लो केपी शर्मा ओली नेतृत्वको सरकारले पनि सहमति दिएपछि मात्रै अमेरिकालाई चिठी पठाइएको हो ।'

२०७२ असोज २४ गते केपी ओली प्रधानमन्त्री बनेका थिए । एमाले नेताहरुले यहीँ बिन्दुमा प्रश्न उठाएका छन् । कात्तिक १० गते तत्कालीन प्रधानमन्त्री राजेन्द्र क्षेत्रीले अमेरिकालाई रक्षा मन्त्रालयको असोज १३ को पत्रको आधारमा पत्र पठाएको एमाले नेताहरुको तर्क छ । तर, त्यसबेलाको पत्रअनुसार एमालेले नेपाललाई एसपीपीमा संलग्न गराएन । त्यसपछि फेरि नेपालले २०७४ वैशाख २४ गते अमेरिकालाई पत्र लेख्यो । दोस्रो पत्र गएको पनि दुई बर्ष पछि अमेरिकाले नेपालले गरेको आग्रह स्वीकार गरेको बताइन्छ ।

२०७६ जेठ अर्थात्, १ जुन २०१९ मा अमेरिकाले प्रकाशित गरेको प्रतिवेदनमा एसपीपी हिन्द प्रशान्त रणनीतिको अंग भएको उल्लेख छ । जहाँ नेपाल पनि सहभागी रहेको उल्लेख छ । त्यसपछि यो विषयमा नेपालमा बहस भयो ।

प्रधानसेनापति शर्माका अनुसार सन् २०१९ मा नेपाली सेनाले नेपाल सरकारलाई पत्र लेखेर एसपीपीमा रिभ्यु गर्न आग्रह गरेको थियो । जो यसअघि सार्वजनिक भएको थिएन । शुक्रबार प्रतिनिधिसभाको अर्न्तराष्ट्रिय सम्बन्ध समितिको बैठकलाई सम्बाधन गर्दै प्रधानसेनापति शर्माले सन् २०१९ मा नेपाल सरकारलाई पत्र लेखेर नेपाली सेनाले एसपीपीबारे रिभ्यु गर्न आग्रह गरिएको जानकारी दिए ।

त्यसबेला प्रधानमन्त्री केपी ओली थिए भने रक्षामन्त्री ईश्वर पोखरेल । पोखरेल त्यसबेला आफुले पनि एसपीपी कार्यान्वयन हुन नदिएको बताउँछन् । भन्छन्, 'मैले एसपीपी हिन्द प्रशान्त रणनीतिको अंग भएको उल्लेख भएपछि अगाडि बढाउन हुन्न भनेर रोक्न भूमिका खेलेँ ।' पूर्व परराष्ट्रमन्त्री समेत रहेका एमालेका उपमहासचिव प्रदीप ज्ञवाली पनि २०१९ मा एसपीपी अगाडि बढाउन अमेरिकाबाट नेपालको आग्रह स्वीकार भएको भनी पत्र आएपछि आफुहरुले कार्यान्वयन नगरेर होल्ड गराएको दाबी गर्छन । भन्छन्, 'त्यसबेला एसपीपी कार्यान्वयन गर्ने/नगर्ने सन्दर्भमा कार्यदल बनाएर त्यसले सुझाव दिएपछि निर्णय गर्ने भनेर तत्कालिन ओली नेतृत्वको सरकारले एमसीसी होल्ड गराएको थियो ।'

त्यसबेला अमेरिकाको रिपोर्ट आएपछि तत्कालै परराष्ट्र सचिवको संयोजकत्वमा कार्यदल गठन भएको थियो । उक्त कार्यदलले कुनै रिर्पोट दिन सकेन वा दिएन । परराष्ट्रमन्त्री डा.नारायण खड्का यहीँनेर प्रश्न गर्छन्, 'सन् २०१९ मा किन होल्डमा किन राखेको ? त्यतिबेला खारेज किन नगरेको ?'

सन् २०१९ मा मा एसपीपी इन्डोप्यासिफिक सैन्य गठबन्धनमा जोडिएको प्रष्ट भइसकेको अवस्थामा तत्कालिन एमाले नेतृत्वको सरकारले अमेरिकालाई एसपीपी खारेज गर्न भनेर पत्र किन नपठाएको भन्ने पनि परराष्ट्रमन्त्री डा.खड्काको छ । आवश्यक परे अमेरिकी सरकारलाई एसपीपीमा नरहने भनी पत्र लेख्न सरकार तयार रहेको उनको भनाई छ ।

पछिल्लो समय एसएसपीमाथिको बहसले राष्ट्रिय राजनीति तरंगित गर्नुको कारण हो- प्रधानमन्त्री शेरबहादुर देउवाको अमेरिका भ्रमण र भ्रमणका क्रममा एसपीपीमा औपचारिक हस्ताक्षर गनृे तयारी भएको भनी प्रचार हुनु । यो सूचना बाहिर ल्याउने पनि पाँच दलीय सत्ता गठबन्धनमा सहभागी दलहरु नै हुन् ।

खासगरी २६ जेठ २०७९ मा प्रतिनिधिसभाको बैठकमा बोल्दै गुरुङले प्रधानमन्त्री र प्रधानसेनापतिको अमेरिका भ्रमण स्थगित गर्न समेत माग गरेका थिए । उनले एसपीपीमा हस्ताक्षर गर्ने तयारी भएको भन्दै यसको विरोध गरेका थिए । त्यसपछि यो विषयलाई प्रमुख विपक्षी एमालेले राष्ट्रियतासँग जोडेर सरकारको आलोचना गर्न खोज्यो ।

यसलाई राजनीतिक मुद्दा बनाएर चुनावमा जाने रणनीति लियो । सोही अनुसार एमाले नेताहरु सार्वजनिक रुपमा प्रस्तुत हुन थाले । प्रत्येक दिन सांसदहरूले प्रधानमन्त्रीको अमेरिका भ्रमण र एसपीपीका विषयमा आवाज उठाए । प्रमुख विपक्षी एमालेले आधिकारिक रूपमै सरकारको धारणा निरन्तर माग गरिरह्यो ।

अमेरिका भ्रमण र एसपीपीको विषयबारे संसदमा सूचना चुहाएको भनी माओवादी केन्द्रका प्रमुख सचेतक गुरुङको जिम्मेवारी खोस्नुपर्ने आवाज पनि कतिपय अनौपचारिक फोरमहरूमा उठे । सामाजिक सञ्जालदेखि संसदसम्म विरोधको स्वर चर्कियो । चर्किएको आवाजलाई एमालेले क्यास गर्न खोज्यो । सरकारमाथि औंला उठाउने ठाउँ भेटाएको झैँ गरी शीर्ष नेताहरु नै प्रस्तुत भए । यो हदसम्म पुगेको यो विषय शुक्रबारसम्म आइपुग्दा यसरी उल्टियो कि नेताहरु तथ्य सार्वजनिक भएपछि विगत नकोट्याउँ भन्न थालेका छन् ।

पूर्व उपप्रधान एवं रक्षामन्त्री समेत रहेका नेकपा एमालेका बरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल बिहीबार प्रतिनिधिसभाको बैठकमा एमालेले एसपीपी रोकेको दाबी गर्दै केपी शर्मा ओली नेतृत्वको सरकारले अगाडि बढाएको आरोप नलगाउन अन्य दलहरुलाई चेतावनी दिएका थिए । एमालेले एसपीपी अगाडि बढाएको दाबी गर्नेहरुलाई लिखित सार्वजनिक गर्न चुनौती दिएका थिए । तर, ओली नै प्रधानमन्त्री भएका बेला सन २०१५ मा नेपाली सेनाका प्रधानसेनापति राजेन्द्र क्षेत्रीले एसपीपीलाई पठाएको पत्र सार्वजनिक भएपछि एमाले झस्कियो । तुरुन्तै एमाले नेताहरु सार्वजनिक भएको पत्रको आधिकारिता माथि प्रश्न उठाउन थाले । नेपाली सेनाले सार्वजनिक पत्र यथार्थ भएको बताएपछि एमाले नेताहरुको बोली फेरियो । एकै दिनमा एमालेको बोली मात्रै फेरिएन । एसपीपी आफुहरुले रोकेको जस लिनतिर केन्द्रीत भए । यो एसपीपीको ल्याण्डिङ सकसको उदाहरण हो । यस्तै सकस कांग्रेसलाई पनि परेको छ । र त परराष्ट्रमन्त्री डा. खड्का भन्छन्, 'एसपीपीमा संलग्न हुन सबैभनदा पहिले नेपालले सन २०१५ मा पत्र पठाउँदाको अवस्थालाई ख्याल नगरी सन् २०१९ को अवस्था जोड्न हुन्न ।'

## अमेरिकी...

उचाल्दै आएको भन्दै उसले नेपालमा आफ्नो एकल प्रभुत्व कायम गर्न चाहेको आरोप लगाए । चीन नेपालमा यी परियोजनाप्रति पहिलेदेखिनै विरोधमा रहेको लुको दाबी छ ।

## पोल्याण्डमा...

कन्सल्ट्यान्सी सञ्चालक विरूद्ध ४ करोडभन्दा बढी बिगो असुलीको माग गर्दै वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको थियो । विभागले कम्पनी रजिष्ट्रारको कार्यालयमा जेन्युन एजुकेसन एण्ड कन्सल्टेन्सी प्रा.लि.का सञ्चालक सुजन भट्टराईविरूद्ध ४ करोडभन्दा बढी बिगो असुलीको माग गर्दै शुक्रबार मुद्दा दायर गरेको हो ।

## इजरायलमा...

दीर्घकालीन स्याहार केन्द्रमा सहयोगी कामदारको रूपमा छनोट भएका ११ सय ७५ जना श्रमिकमध्ये २ सय ९७ जना मात्रै इजरायल उडेका छन् । तर बाँकीको भने इजरायलको परराष्ट्र मन्त्रालय सम्बद्ध कर्मचारीहरूको आन्तरिक श्रम विवादका कारण भिसा जारी नभएको बताइएको छ ।

## बेखबर...

संलग्न हुन निवेदन दिएको र सो निवेदनको बोधार्थ परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयलाई पनि दिएको दूतावासको भनाई थियो ।

### संसदीय समितिको चासो

अमेरिकी स्टेट पार्टनर सिपप्रोग्राम (एसपीपी) का बारेमा विविध टिकाटिप्पणी आउन थालेपछि प्रतिनिधिसभा अन्तर्गत रहेको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले अमेरिकी 'स्टेट पार्टनरसीप प्रोगाम' का लागि गरिएका पत्राचारका कागजात उपलब्ध गराउन सरकालाई निर्देशन दिएको हो । परराष्ट्रमन्त्री, प्रधानसेनापति लगायत डाकेर गरिएको छलफलपछि 'एसपीपी'बारे अध्ययनका लागि विगतदेखिको पत्राचारका कागजात मागिएको थियो । छलफलमा ईश्वर पोखरेल, भीम रावललगायत सांसदहरुले एसपीपीबारे संसदीय छानविन गर्न माग गरेका थिए । साथै प्रधानमन्त्री शेरबहादुर देउवाको आसन्न अमेरिका भ्रमण र एजेण्डाबारे जानकारी गराउनका लागि असार ५ गते प्रधानमन्त्री देउवालाई समितिको बैठकमा आमन्त्रण गरिएको छ । समिति सभापति पवित्रा खरेलले भारत र चीन नेपालको छिमेकी राष्ट्र रहेकोले सबैसँग समान कुटनीतिक सम्बन्धकायम गरेर अघि बढ्नुपर्ने बताएकी छिन् ।


# ईटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ईटहरी, सुनसरी

## आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशित मितिः– २०७९।०३।०४**

प्रस्तुत सम्बन्धमा यस कार्यालयको मिति २०७९/२/१७ गतेको प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता भएका बोलपत्रहरुको प्राबिधिक प्रस्तावको यस कार्यालयको मुल्यांकन समितिद्वारा परिशिष्टता, ग्राहता तथा पूर्णताका आधारमा मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्र सारभुतरुपमा प्रभावग्राही देखिएकोले थप खरिद प्रक्रियामा समावेश गर्ने व्योहोरा सहित सिफारिस भएको हुदा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधित सहित) नियम ३१ ङ को उपनियम ५ बमोजिम मिति २०७९/०३/१० गते दिउसो १:०० बजे आर्थिक प्रस्ताव खोल्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| क्र.सं. | बोलपत्र नं. | कार्यको नाम | निर्मा0ा व्यावसायीको नाम | कैफियत |
|---|---|---|---|---|
| 1 | ITR/ NCB/49W/078/079 | Construction of Agro Market And Cold Storage Pvt.Ltd., Itahari -9 , Sunsari | Tulsi Bhakta Construction Pvt. Ltd. | |



*"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"*

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
१ नं प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः– २०७९।०३।०४**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०२/२४ मा प्रकाशित देहायमा उल्लेखित बोलपत्र/ ठेक्का तथा कार्यका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएको बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित न्यनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धीत सबै फर्म, व्यवसायी तथा सर्वसाधारण समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| क्र स | ठेक्का नं | निर्माण आपुर्ति सम्बन्धी कामको विवरण | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | कबोल गरेको रकम रु (मु अ कर समेत) |
|---|---|---|---|---|
| १ | NCB/EPC/WORKS/ROADS/16/HRM-2078/79 | ROAD MAINTAINANCE AT DIFFERENT LOCATION IN HALDIBARI RURAL MUNICIPALITY (PHASE 2) | Kummakarna Construction Phidim Pachthar, Province One Nepal | 4,337,739.27 |

# सरकारले रेडक्रस सोसाइटीमा हस्तक्षेप गरेको भन्दै भत्सना

काठमाडौं/मस- नेपाल रेडक्रस सोसाइटी तदर्थ समितिका अध्यक्ष डा. नेत्रप्रसाद तिम्सिनाले सरकारले रेडक्रसमा हस्तक्षेप गरेको भन्दै ध्यानाकर्षण गराएका छन् । डा. तिम्सिनाले शुक्रबार एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'नेपाल सरकारले मिति २०७८ जेठ ३१ गते दोस्रो पटक पुनः गैरकानूनी निर्णय गरी विवादस्पद छविका व्यक्तिहरुलाई राखेर प्रा. सुर्दशनप्रसाद नेपालको संयोजकत्वमा तदर्थ समिति गठन गरिएको सन्दर्भमा हाम्रो गम्भिर ध्यानकर्षण भएको छ ।'



तिम्सिनाले नेपाल रेडक्रसलाई सुधार गरी गतिशिल, पारदर्शी र स्वचालित संस्था निर्माण गर्नको लागि आफुहरुले गरेको प्रयासमा सरकारबाट कथित रेडक्रसकर्मी तथा स्वार्थ समूहलाई संरक्षण गर्दै तदर्थ समितिमा समावेश गर्नु र सर्वोच्च अदालतको अन्तरिम आदेश (०७८-डब्लुओ-७२३) विपरित तदर्थ समिति माथि तदर्थ समिति बनाउने कार्य अत्यन्तै खेदजनक तथा भर्त्सनायोग्य भएको पनि बताएका छन् ।

सरकारले २०७७ साउन १२ गते नेपाल रेडक्रस सोसाइटीमा भएको विसंगति, भ्रष्ट्राचार, नातावाद, कृपावाद र परिवारवादलाई अन्त्य गर्न ३३ सदस्यीय तदर्थ समिति बनाएको थियो । सो तदर्थ समिति गठन हुँदा नै केही गलत पात्रहरु समितिका सदस्यको रुपमा प्रवेश गर्न सफल भएको पनि विज्ञप्तिमा जनाइएको छ ।

व्यथिति गरेको आरोपित पूर्व समितिका केही पदाधिकारीहरुले त्यस्ता पात्रहरुलाई प्रवेश गराउन सफल भएको पनि उनले बताएका छन् ।

तदर्थ समिति गठनको शुरुको अवधिमा केन्द्रीय समितिको ठूलो संख्या तत्कालिन अवस्थाको बारेमा संस्थाको श्वेतपत्र जारी गर्न सहमत भएको पनि विज्ञप्तिमा उल्लेख छ ।

श्वेतपत्रमा मुलतः पारदर्शिता, जवाफदेहिता, संस्थाको प्रभावकारिता, भ्रष्टाचारमा शुन्य सहनशिलता, रेडक्रसमा भएका सम्पतिहरुको व्यवस्थित अभिलेखिकरण र समुचित सदुपयोग गर्न र समुदायमा प्रभावकारी सेवा प्रदान गर्न सरकारको सहयोगीको रुपमा काम गर्ने जस्ता विषयहरु थिए । उक्त स्वेतपत्र स्वार्थ समूहहरुले नचाहाँदा नचाहाँदै पनि सार्वजनिक गरिएको डा. तिम्सिनाले बताएका छन् ।

यस्तै तिम्सिनाले रेडक्रसमा २० औँ वर्षदेखि लुट मच्चाउँदै आएका स्वार्थ समुहहरुलाई प्रयाप्त प्रमाण र आधारको साथ तत्कालिन सरकारले विघटन गर्दा तिलमिलाएको समेत बताएका छन् ।

रेडक्रसकै साधन श्रोतबाट राजनीतिमा आफ्नो स्थान बनाउन सिपालु स्वार्थ समूहले राजनीतिक नेतृत्वलाई चलाउन सफल भएको पनि बताएका छन् ।

ति स्वार्थ समूहले राजनीतिक नेतृत्वलाई प्रभावमा पारेको र सरकारका गृहमन्त्री र समाजकल्याण मन्त्रिको हस्तक्षेपमा नेपाल रेडक्रसको सुधारका काममा बाधा व्यवधानहरु हुँदै गएको समेत बताएका छन् ।

स्वार्थ समूहको प्रभावमा गरी गृहमन्त्री र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रीले रेडक्रसमा ठाडो हस्तक्षेप गरेको पनि बताएका छन् । कार्य समितिको बैठकमा समेत अवरोध गरेको विज्ञप्तिमा उल्लेख छ। विधान अधिवेशन हुन दिएनन् । रेडक्रसको परिवर्तनको निमित्त पटक-पटक अवरोध गरी रहे, जसको कारणले विधान अधिवेशन गरी निर्वाचन अधिवेशन गर्ने कार्य ५ औं पटकसम्म प्रयास गर्दा पनि हुन नसकेको उनले बताएका छन् ।

रक्त सञ्चार भवन ठेक्का प्रकरण र गोदामघरका लागि जग्गा खरिद प्रकरणमा विस्तृत छानविन गरी कारबाहीका लागि गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं, प्रहरी केन्द्रीय अनुसन्धान व्यूरो (सिआईवि) मा पत्रसहित प्रतिवेदन पेश गरिएको पनि डा. तिम्सिनाले बताएका छन्।

सबै प्रकरणमा संलग्न भएका तत्कालिन कार्यकारी निर्देशक उमेशप्रसाद ढकाललाई पनि स्पष्टीकरण सोधिएको थियो । स्पष्टीकरण चित्त बुझ्दो नभएकोले कारबाहीको प्रक्रियामा राख्ने काम भएको थियो । हाल उनी कार्मचारी सेवा नियमावली बमोजिम अनिवार्य अवकाश (सेवा निवृत) भई सकेका व्यक्ति हुन् । स्वार्थ समूहको प्रभावमा परी अनिवार्य अवकाश प्राप्त गरेका कार्यकारी निर्देशक उमेशप्रसाद ढकाललाई प्रमुख जिल्ला अधिकारीले पुनः नियुक्ति दिने कार्य गरेर स्वायत्त संस्थामाथि नांगो हस्तक्षेप गर्ने कार्य गरेका पनि उनले बताएका छन् । आफुहरुको तदर्थ समितिले विधान संशोधनका लागि ५ पटक महाधिवेशन आह्वान गरे पनि पाँच पटक नै स्वार्थ समूहले विभिन्न वहानामा महाधिवेशन हुन नदिएको बताएका छन् ।

विधान संशोधन मार्फत हुने संस्थागत रुपान्तरणको अभियानलाई विफल बनाइएको उनले आरोप लगाएका छन् । विधान शंसोधनको लागि आयोजना गरिएको विशेष अधिवेशन गुण्डागर्दी शैलीमा स्वार्थ समूहले विथालेको उनले बताएका छन् । सरकारले नै छानविन गरी विभिन्न प्रतिवेदनसहित कार्यान्वयनको लागि पठाइएकोमा सो कार्यलाई सहयोग गरी संस्थालाई निकास दिनुको सट्टामा विभिन्न वहानावाजी गरी पटक-पटक असहयोग गर्ने र समय व्यतित गराई कार्य समिति भंग गर्ने कार्य स्वार्थ समूहसँग मिलेर गरिरहेका पनि उनले बताएका छन् । सरकारले विधान अधिवेशन गर्न नदिएको र पटक पटक असहयोग गरी संस्थाका दैनिक गतिविधिमा हस्तक्षेप गरेको भनि सर्वोच्च अदालतबाट रेडक्रसको स्वायत्ततामा हस्तक्षेप नगर्नु नगराउनु तथा संस्थाको विधान अधिवेशन गर्न दिनु भनि २० असोज २०७८, (०७८-डल्लुओ-०४१०) मा आदेश दिएको थियो ।

# जिल्ला सरकारी वकिल कार्यालय

**सुर्खेत**

## आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**( प्रकाशित मिति :- २०७९/03/0४)**

यस कार्यालय बाट मिति २०७९/०१/२३ गते प्रकाशित Construction Work of District Government Attorney Office Building Surkhet (DGAO/Surkhet/Works/NCB-1/078/079) निर्माण कार्यको लागि E–Bid मार्फत बोलपत्र गरिएकोमा दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताहरुको बोलपत्रको प्राबिधिक प्रस्ताव मुल्यांकन गर्दा तपशिलका बोलपत्रदाताहरु सारभूतरुपमा प्रभाबकारी देखिएको हुदा सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) को उपनियम (५ ) बमोजिम निजहरुको आर्थिक प्रस्ताव २०७९/०३/१२ गते दिनको १:०० बजे यस कार्यालयमा खोल्ने हुदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| उर्तीण बोलपत्रदाताको नाम ठेगाना |
|---|
| 1) G.T. Construction Surkhet |
| 2) Shreekhandapur Nirman Sewa Pvt.Ltd. Kavre |

**District Attorney**

## एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट कलेजको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मिति : २०७९/03/0४)**

वाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट प्रा. लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम, ठेगाना | एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट प्रा. लि.<br>इमेल : ace@ace.edu.np<br>फोन नं : ०१-४४६९०१९ |
| प्रस्तावको व्यहोरा | जग्गाको कूल क्षेत्रफल १४४०५.७ वर्ग मि. मा कलेज भवनको कुल भुई क्षेत्रफल १२३४७ वर्ग मि. मा ११ तल्लाको ४८.३ मिटर उचाई भएको भवन जसमा कम्प्युर ल्याव, पुस्तकालय, सभाहल, अन्डर ग्राउन्ड पार्किङ्ग सहित सुविधासम्पन्न कक्षा कोठा भएको कलेज भवन निर्माण तथा संचालन |
| प्रस्तावले प्रभाव पार्ने जिल्ला र पालिका | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं २, नक्साल |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याइन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको पालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट प्रा. लि.<br>इमेल : ace@ace.edu.np<br>फोन नं : ०१-४४६९०१९ |
| परामर्शदाताको नाम र ठेगाना | इनभारोमेन्टल इन्जिनियरिङ कन्सल्टयान्टसी प्रा. लि.<br>सामाखुसी, काठमाण्डौ<br>फोन नं.: ९८६३५५०३७२<br>इमेलः letters2suren@gmail=com |

# शिक्षण अस्पतालमा स्वास्थ्य बीमा रोकियो

**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रमलाई स्थगित गरेको छ । अस्पतालका कार्यकारी निर्देशक डा. दिनेश काफ्लेले शुक्रबार सूचना जारी गर्दै सरकारको स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमवापतको रकम उपलब्ध नगराएकाले कार्यक्रम स्थगित गर्नुपरेको बताए । 'यस अस्पतालबाट सञ्चालित स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत बिमितको उपचार सेवा गरेवापतको रकम स्वास्थ्य बीमा बोर्डले उपलब्ध नगराएकाले असार १५ गतेदेखि अर्को सूचना जारी नहुँदासम्मका लागि स्वास्थ्य बीमा कार्यक्रम स्थगित गरिएको छ', सूचनामा भनिएको छ । अस्पतालले २०७७ साल मङ्सिरदेखि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको थियो ।




# तारकेश्वरमा विद्युत् लाइन भूमिगत गर्न माग

**काठमाडौं/मस–** काठमाडौं तारकेश्वर नगरपालिकामा विद्युत् लाइन भूमिगत गर्न नेपाल विद्युत् प्राधिकरणसँग माग गरिएको छ ।

तारकेश्वर नगरपालिकाका प्रमुख कृष्णहरि महर्जनले बिहीबार नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई भेटेर तारकेश्वरलाई सुन्दर, व्यवस्थित र सफा नगर बनाउनका लागि विद्युत् तथा टेलिफोनको लाइनलाई व्यवस्थित गर्न आग्रह गरेका हुन् । बढ्दो सहरीकरण र जनसंख्याका कारण बिजुली र टेलिफोनका तार भूमिगत गर्न आवश्यक रहेको प्रमुख महर्जनले बताए ।



काठमाडौंको उत्तर-पश्चिममा रहेको तारकेश्वर नगरपालिकाको पहिलो चरणमा मुख्य सडक, दोस्रो चरणमा सहायक सडकमा सिसी क्यामेरा जडान, सडकबत्ती जडान, बाटो किनारमा वृक्षरोपण गर्नेलगायत योजना रहेको जानकारी गराउँदै उनले आवश्यक समन्वय र सहयोगका लागि प्राधिकरणसँग आग्रह गरेका छन् ।

**नेपाल सरकार**
## वन तथा वातवरण मन्त्रालय
## वन तथा भू–संरक्षण बिभाग
# बृहत जलाधार व्यवस्थापन केन्द्र, कर्णाली

**जाजरकोट**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०७९।03।0४)**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्विकृतीको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ तत् सम्बन्धि नियमावलिको नियम ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | कार्यक्रमको नाम | ठेक्का.न. | बोलपत्रदाताको नाम | बोलपत्रदाताको कबोल अंक (भ्याट र कन्टिनजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | Construction of office building of Basin Management centre Karnali,Jajarkot | BMC/ Karnali/Work/ NCB1/078/079 | Keshav Shah Construction Sewa Pvt. Ltd., Baijanath-4 Banke | 3,82,74,112.40 |

**कार्यालय प्रमुख**

# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**खोपवा, बारा**

**मधेश प्रदेश, नेपाल**

## बोलपत्र आव्हान सम्बन्धी प्रक्रिया रद्द गरिएको सूचना

**(प्रकाशित मितिः २०७९।03।03)**

बारागढी गाउँ कार्यपालिकाको मिति २०७९।०३।०१ गतेको निर्णयानुसार मिति २०७९।०२।०९ (**May 23, 2022**) गते जन सवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तथा **PPMO** को **e–Gp system** मा अपलोड गरिएको बोलपत्र आव्हान सम्बन्धी सूचना **Invitation for Bids for the Construction of 15-Bedded Primary Hospital Building Ward No.-3, Baragadhi Rural Municipality (BGRM/BARA/W/NCB/2078-079/02)** को सम्पूर्ण ठेक्का प्रकृया रद्द गरिएको व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**प्रदेश सरकार**
## सुदूरपश्चिम प्रदेश
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
# पूर्वाधार विकास कार्यालय

**कञ्चनपुर**

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः- २०७९/03/0४)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७८/१२/२७ गतेको 'नागरिक' राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको Single Stage Two Envelope ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आई बोलपत्रहरूको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कनमा सफल बोलपत्रदाताहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्याङ्कन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क. र पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | Construction of Pathraiya Nala Bridge, Belauri Municipality-09, Kanchanpur | 09/W/ BRIDGES /078/079 | Mitra Builders Pvt. Ltd, Mahendranagar, Kanchanpur | ६,५४,४२,७२०.६४ |

**कार्यालय प्रमुख**

## कथा

# फ्रेमभित्रको कथा



■ त्रिपुरा खरेल, सिक्किम

धेरै दिनदेखि कथा लेख्ने विचारमा छ कथाकार । ऊ आफूले लेख्ने कथा संरचनाको लागि विषयवस्तु खोज्ने धुनमा लागेको पनि धेरै वर्ष बितिसकेको थियो । कथाभित्रको कथाको रहस्य खोज्दै जाने क्रममा उसले कयौं सुखका बसन्त र दुःखका गृष्महरू पार गर्दै गरेको ऊ अहिले जीवनको उत्तरार्द्धको नेटो काट्ने सुरमा छ । यतिबेला जीवन साथी बिनाको ऊ पानी बिनाको माछा जत्तिकै भएको छ । यस्तो अवस्थामा पनि ऊ अर्थात् कृष्ण कथाभित्रको कथा खोज्ने अभिलाषामा बाँचेको छ । धुइँपत्ताल लगाएर कथा खोज्दा पनि अहिलेसम्म कथा भेटेको छैन उसले । हुन पनि उसलाई कथाहरुले झुक्याइरहेका छन् ।

कथाकारलाई स्वर्गका देवता र अप्सराहरुलाई मुख्य पात्र बनाएर कथा लेखेर कथाको रहस्य खोल्ने लहड पनि चलेके थियो । त्यो बेला उसले मसक्क आँट गर्दै फोटोमा झुण्डिएको आफ्नो दाजुलाई भनेको थियो, “दाजु, मेरो कथामा म उर्मिलालाई नायिका बनाएर कथा लेख्छु बुझ्नुभयो ! भरत चौध वर्ष वनबास गएको बेला तिनले भोगेका कठिनाइहरुलाई मेरो कथामा ओगट्छु ।” कयौं वर्षदेखि आफूले खोजेको असली पात्रहरू भेट्टाए जस्तो लाग्यो कथाकारलाई । उसको कलमले उर्मिलाले भोगेका पीडाकर अवस्थालाई लिएर कथा लेख्ने मसक्क आँट गऱ्यो ।

आशुतोष भित्ताको ठूलो फ्रेमभित्र मुस्कुराइरहेको थियो । उसको अनुहारको भावले उसलाई भनिरहेको थियो, “कृष्ण ! पौराणिक कथाहरूका पात्रहलाई तेरो कथाको पात्रहरूका रुपमा समावेश नगर । उही राम, इन्द्र, परशुरामका कथा लेखिस् भने तेरो कथाले के मान्यता पाउला र ? तेरो कथालाई मूर्तरूप दिनुछ भने तैंले तेरै परिवेशलाई समेटेर एउटा जीवित कथा लेख् ।” भित्तामा झुन्डिएको तस्वीर जोड्ले हाँस्दा झण्डै झरेको, उसले हत्तपत्त समातेर झर्न दिएन ।

“भाइ ! तेरो दाजुलाई एकपल्ट हेर् त, तँबाट केही अपेक्षा राख्दै तेरो अनुहारमा याचनाको भिख माग्ने तेरो एक आँठको दाजु पनि तेरो लागि एउटा सिङ्गो कथा होइन र !”

कृष्णले फोटोको हँसिलो अनुहारलाई पुलुक्क हेऱ्यो, उसको प्रेरणाको स्रोत, उसको आत्मीय दाजु आशुतोष उसलाई एकटक लगाएर हेरिरहेका थिए । तिनीहरुबीच दुई वर्षको मात्र फरक थियो । दुई दाजुभाई एकअर्कालाई धेरै माया गर्थे । दुबैले स्नातकसम्मको शिक्षा बनारसको वि.एच.यु.बाट एकैसाथ हासिल गरेका थिए । बनारसमा उनीहरु दूधविनायक स्थित नथुनी सरदारको घरमा बस्थे । कलेज डेरादेखि धेरै टाढा भएकोले उनीहरु हिँडेर बाँसफाटक चौखम्बा हुँदै गुदोलिया बजारसम्म पुग्थ्ये त्यसपछि, त्यहाँबाट रिक्सा वा बग्गी चढेर कलेज जान्थे । गुदोलिया बजार गंगाको किनारामा बसेको थियो, वर्षायाममा गंगा नदीमा बाढी आएको बेला बजार डुबाउने गथ्र्यो । त्यसबेला भने उनीहरुलाई कलेज जान निकै मुश्किल पथ्र्यो ।

कृष्ण मेधावी छात्र थियो, आशुतोष भने पढाइमा सामान्य थियो, ऊ पाठलाई घोकेको भरमा परीक्षामा जेनतेन पास चाहिँ हुनेगथ्र्यो । बौद्धिकताको हिसाबले दुबैमा धेरै फरक थियो । बि.ए.मा दुबैले एउटै विषय लिएपनि, आशुतोष हिन्दी माध्यमबाट पढ्थ्यो कृष्णले चाहिँ अंग्रेजी माध्यमलाई रोजेको थियो । आशुतोषले डल्लै किताबलाई पानीपानी बनाएर घोक्नसक्थ्यो, कृष्ण आफूले पढेका किताबहरुलाई बुझेर लेख्न सक्थ्यो । किताबदेखि बाहेक ऊ साहित्यिक कार्यक्रममा जाने गथ्र्यो । फुर्सदको बेलामा ऊ साथीभाइसँग भेटघाट गर्न जगदम्बा धर्मशाला, मंगलागौरी, ठठोरी गल्ली आदि ठाउँहरुमा जाने गर्थ्यो । छुट्टीको दिन आशुतोष बिहानैदेखि डेराबाट बाहिरिने गथ्र्यो । ऊ कता र कसकोमा जान्थ्यो कृष्णले खोजखबर गर्दैनथ्यो । अरू विषयलाई लिएर दाजुसित मतभेद नभएपनि आशुतोषको बरालिने स्वभावलाई लिएर भने दुई दाजुभाइमा अलिअलि मतभेद थियो ।

बि.ए.परीक्षाको फाइनल शुरु हुने दिन दुबै दाजुभाइ रिक्सामा चढेर परीक्षा हलतिर लागे । तिनीहरु बसेको ठाउँदेखि परीक्षा हल पुग्न रिक्सालाई एक घण्टा जति लाग्थ्यो ।

“भाइ ! राजनीति शास्त्रको सिद्धान्तको अर्थ र यसका पिता कसलाई भनिन्छ ? यसको परिभाषासहित विस्तृतरूपमा मलाई बुझा त ।”, आशुतोषले भाइतिर हेर्दै प्रश्न गऱ्यो ।

कृष्ण दाजुको प्रश्नले आत्तियो । उसले राति भोलि पढ्छु भनेर राजनीति शास्त्रको किताब थन्काएको थियो, बिहान घरबेटीले पानीको निहुँमा किचकिच गरेकोले पढ्नुपर्ने विषयलाई छुन पनि भ्याएको थिएन । उसले अँध्यारो मुख लगाएको देखेर आशुतोषले आफूले रटेर कण्ठस्थ पारेको विषय भाइलाई हिन्दीमा सुनाउँदै गयो । विश्व हिन्दु महाविद्यालयको गेटमा आएपछि दुबै दाजुभाइ आ-आफ्नो परीक्षा हलतिर लागे ।

परीक्षा दिएर फर्किदा आशुतोषको अनुहार अँध्यारो देखेर कृष्णले सोध्यो, “दाजुलाई सन्चो भएन कि क्या हो ?”

आशुतोष मौन थियो । दाजु नबोलेको देखेर कृष्णले उसलाई फेरि पनि प्रश्न गऱ्यो तर उसले कुनै उत्तर दिएन । ऊ धमाधम किताब, गाइड बुक, र कपीहरु पल्टाउँदै थियो । बाटोभरि नै दुबै भाइ चुपचाप थिए । गर्मीले गर्दा पसिनाले भिजेर लतपत भएको रिक्सावालाले रिक्सा चलाउँदाको चुइँचुइँको ध्वनिमात्र आउँदै थियो । हुनपनि गृष्म ऋतुमा बनारसको भीषण गर्मीको कल्पना पनि गर्न सकिदैन । आशुतोषले राजनीति सिद्धान्तबारे परीक्षाको उत्तर न त गाइडमा भेट्यो न किताबमै भेट्यो ।

“भाइ, हामीलाई नपढाएको प्रश्न सोधिएको रहेछ, अब परीक्षा बोर्डलाई उजुरी दिनुपर्छ ।” आशुतोषले आफ्नो काखको किताबलाई बजाऱ्यो । रिक्सा चालकले पछाडि फर्केर दुबै दाजुभाइलाई एकपल्ट पुलुक्क हेऱ्यो । डेरामा पुगेर दुबै दाजुभाइले नुहाइधुवाइ सकेपछि खाजा खाएर आ-आफ्नो टेबुलमा कपी र किताबहरु सजाए । आशुतोष अहिलेसम्म पनि चुपचाप बसिरहेको थियो । कृष्ण दाजु बसेको कुर्सीको छेउमा बस्यो । दाजु चाहिँले भाइलाई कर्के नजरले हेऱ्यो । उसको अनुहारमा अझैसम्म पनि असन्तुष्टि छल्किरहेको थियो । “दाजु परीक्षा सकेर निस्केदेखि तपाईंको अनुहार चुकघोप्टे जत्तिकै अँध्यारो छ, कि फेरि केटीहरुको कारणले गर्दा लफडामा पर्नुभयो । अस्तिको महिनामा पनि केटीसितकै काण्डमा पर्नुभयो मैले नबचाएको भए तपाईंलाई केटीको दाजुले माथ्र्यो पनि होला । छुट्याउन जाँदा त्यतिखेर मैले पो कुटाइ खाएँ । एकजना बिराउने शाखा पिराउने भने जत्तिकै भयो ।”


“त्यस्तो होइन भाइ, आजको परीक्षामा मैले भनेजस्तो उत्तर लेख्नै सकिनँ । झन् राजनीतिको सिद्धान्तलाई मैले रटेर पानी बनाएको थिएँ । तिमीलाई बाटोभरि पढाउँदै गएँ, त्यही पो आएन छ । पाससम्म चाहिँ हुन्छु कि !” आशुतोष आजको परीक्षाबाट सन्तुष्ट थिएन । परीक्षामा प्रतिस्पर्धा हुन्छ । एउटै आँतका दाजुभाइ पनि एकअर्काका प्रतिस्पर्धी हुन्छन् । आशुतोष र कृष्ण पनि पढाइ र परीक्षाका लागि मात्र प्रतिद्वन्द्वी थिए । परीक्षाबाट निस्किएपछि तिनीहरुको सम्बन्ध नङ्ग र मासु जत्तिकै थियो ।

उसको कुराले कृष्ण छक्क पऱ्यो । हिजो दाजुले सुनाएकै प्रश्न आएको थियो, तर प्रश्न भने घुमाएर सोधिएको थियो ।” घोकन्ते विद्या र धावन्ती खेती काम लाग्दैन भन्थे हो रहेछ ।” उसको मुखबाट अस्पष्ट वाक्य निस्कियो । चिन्ताजनक अवस्थामा रहेको आशुतोषले भाइको कुरा बुझेन ।

“दाजु हिजो मलाई रिक्सामा पढाउनु भएको कुरालाई प्रश्नपत्रमा घुमाएर सोधिएको थियो, मैले तपाईंले बुझाएको भरमा उत्तरपुस्तिका भरेर आएँ ।” भाइले बताएपछि उसले प्रश्नपत्र फेरि दोहोऱ्याएर पढ्यो, प्रश्न घुमाएर सोधिएको रहेछ । उसले आफ्नो धैर्य धारण नगर्ने र कुनै पनि कुरालाई गहन तरीकाले अध्ययन नगरी अतालिने बानीलाई सराप्नसम्म सराप्यो ।

आशुतोष राति ओछ्यानमा पल्टिँदा पनि थकथक मानिरह्यो । भाइले अंग्रेजी माध्यम रोज्दापनि उसले सजिलैसँग उतीर्ण हुने लोभमा हिन्दी भाषालाई पढाइको माध्यम बनाएको थियो । पढाइमा दुबैको स्तर आकाश र पातालबीचको भिन्नता भए झैं चरित्रमा पनि तिनीहरु बीचमा भिन्नता थियो । दाजु चाहिँको झुकाउ मोजमज्जा, ऐश आराममा थियो । उसलाई लुगा, रक्सी र केटी बदल्नमा उत्तिकै सौख थियो । ऊ कहिलेकाहीँ आफूलाई देवदास भन्दै रक्सी भरिएको गिलाससँगै नाच्ने गथ्र्यो । उसका साथीहरू उसको बावुको रुपियाँमा मोज गर्थे ।

बि.ए.को परीक्षा सकिएपछि दुबै दाजुभाइले रिजल्ट पर्खिएर अरु तीन महीना बनारसमै बस्ने निधो गरे । कृष्णले यो समयलाई भाषा साहित्यका लागि खर्च गर्ने निश्चय गऱ्यो । आशुतोषले भने तीन महीनाको खाली समयलाई मनोरञ्जनका लागि खर्चने निर्णय गऱ्यो । आशुतोषको चारित्रिक पाटोलाई हेरेर उसलाई नराम्रो र बरालाको संज्ञा दिन भने मिल्दैन थियो । उसमा मानवीय गुणहरु प्रशस्तै थिए । ऊ दाजुको रुपमा कलियुगको राम



> भित्ताको फोटो जोडले हल्लीरहेको थियो । फोटोमा आशुतोषको अनुहारमा सन्तोषको झलक देखिन्थ्यो । कृष्णलाई कसैले बोलाइएको भान भइरहेको थियो । कृष्णले आफूले लेख्दै गरेको 'फ्रेमभित्रको कथा'को पन्नाहरू टेबुलभरि फिँजाएको थियो । अब कथा चरमोत्कर्षमा पुगेर सकिने तरखरमा थियो ।

थियो, आज्ञाकारी छोरा थियो अनि समाजको लागि असल र इमानदार पुरुष थियो । उसको कमजोरी भनेको चाहिँ ऊ पत्नीको लागि असल पति कहिले बन्न सकेन । कृष्णले हातको कलमलाई मुखले टोकेर आफ्नो दाजुको फोटोलाई गौरसित हेऱ्यो ।

त्यतिबेलाको समयमा छोराछोरीको कम्ति उमेरमै बिहे गरिदिने चलन थियो । अशुतोषका पिताले पनि अठार वर्षको उमेरमा उसको विवाहा पहाडकी कान्तिसँग गरिदिएका थिए । तिनको रङ्ग रुपको प्रसंशा नगर्ने कोही थिएनन् तर तिनले आफ्नो रुपले वंशीकृत गरेर पतिको मायालाई जित्न सकिनन् । नपढ्नु नै तिनको वैवाहिक जीवनमा अभिशाप भइदियो । दुई नव दम्पतीबीचको शारीरिक सम्बन्धलाई आशुतोषले तृष्णा मेटाउने तत्वमात्र ठान्यो । उनीहरुका तीन सन्तान जन्मिदा पनि उसले पत्नी धर्म निभाउन सकेको थिएन । उसलाई बावुआमाको करकापमा परेर बिहे गरेकी पत्नीसँग घरमा बस्नु थिएन, त्यसैले भाइ कृष्णसँग बनारसतिर हानियो । उसको पिताले छोरोलाई रोक्न सकेनन् । उता गएर उसले पढेका केटीहरुमा आफ्नो आत्मसन्तुष्टि खोज्नथाल्यो ।

कृष्णले झुन्डिएको फोटोमा हेऱ्यो, आशुतोषको निधारमा लामो खत प्रष्ट देखिन्थ्यो । परीक्षा सकेको चौथो दिनको साँझमा ऊ कोठामा बसेर आफूले लेख्दै गरेको कथालाई अन्तिम चरणमा लाने विषयमा सोच्दै थियो, उसको ढोकामा कसैले लात्तीले हानेको जस्तो आवाज आयो । कृष्णले ढोका खोल्ने बित्तिकै प्रायः अचेत अवस्थामा रहेको आशुतोषलाई बोकेका मान्छेहरू उसको कोठामा ह्वात्तै पसे । तिनीहरुले उसको दाजुलाई ओछ्यानमा फ्याक्दै भने, “तेरो दाजुले अर्काकी चेलीबेटीलाई फेरि पनि हातपात गऱ्यो भने उसको लास भेट्ने छैनस् । तेरो दाजुलाई सम्झाउनु ।”

तिनीहरु गइसकेपछि कृष्णले दाजुको निधारबाट बग्दै गरेको रगत पुछपाछ गरिदियो । उसको होश आएपछि अपरिचित मान्छेहरुले धमास दिएर गएको कुराको वृतान्त सुनायो । उसले कुनै प्रतिक्रिया बिना भाइको कुरा सुनिरह्यो । कृष्णले आशुतोषलाई अस्पताल लगेर उपचार गराइसकेपछि तुरुन्तै दाजुलाई लिएर घरतिर हानियो । घर फर्किएपछि आशुतोष जागिरको खोजीमा राजधानीतिर लाग्यो । “दाजुले जागिरको बहानामा मलाई छोडेर किन गएका होलान् ?” कृष्णलाई दाजुसँग बस्ने बानी बसिसकेको थियो । दाजु राजधानी लागेपछि उसलाई पट्यार लाग्न थाल्यो । उता कृष्णको दाजु भने जागिरको बहानामा काठमाडौंमा बसेर आफ्नो तृष्णा मेटाउनका लागि कुवा खोज्ने काममा व्यस्त थियो ।

कृष्णलाई उसका साथीहरुले चिट्ठीमार्फत उसको दाजुको खबर नबिराइकन पठाउने गर्थे । राजधानीमा ऊ भाडामा बसेको घरमा घरबेटीकी एम.ए. पास गरेकी एउटै छोरी रहिछिन् । तिनलाई बिहान बेलुका साइकल सिकाउने काम आशुतोषको रहेछ । चिठी पढ्दै गर्दा ऊ एक्लै बोल्यो, “दाजु कहिले नसुध्रिने रहेछन्, फेरि कसको हातबाट कुटाइ खाने हुन् ।” उसलाई आफू बसेको कुर्सीसँगै आफूपनि भासिएको जत्तिकै भयो ।

यता कृष्ण भने बि.ए. परीक्षाको नतिजा कुर्दै आफ्नै पुर्ख्यौली थलोमा बसेर प्रगतिशील समाजको गठन गर्न लाग्यो । उसले यता आएर पनि साहित्य लेखन कार्यलाई द्रुतगतिमा अघि बढाइरह्यो । यसैबीच परीक्षाको परिणाम पनि निस्कियो । आशुतोष पासमात्र भयो, कृष्ण भने प्रथम दर्जामा उत्तिर्ण भयो । आशुतोषले आफ्नो पढाइमा पूर्णविराम लगाउने निर्णय गऱ्यो भने कृष्ण भारतको कलकत्तामा गएर एम.ए. पढ्ने भयो । यही बीचमा कृष्णले पनि बिहे गऱ्यो ।

कलकत्ता जाने बेलामा पनि दाजुभाइको भेट भएन । आफ्नो घर परिवारको मायालाई हृदयमा बोकेर ऊ कलकत्तातिर लाग्यो । त्यतिबेला फोन आदिको सुविधा थिएन । उसले घरको हालखबर चिठीमार्फत मात्र थाहा पाउँथ्यो । उसको हातमा चिठी पुग्दा त्यो खबर पुरानो भइसक्थ्यो । दाजुले साइकल विद्या सिकाउँदा सिकाउँदै तिनै युवतीलाई कान्छी स्वास्नी बनाएर घरमा भित्र्याएछन् । अहिले तिनी राजधानीदेखि बाहिरको ठाउँमा सरकारी नोकरी गर्दैछन् रे । कान्छी स्वास्नी पनि उसकै साथमा छ रे ! कृष्णले चिठीबाट यी सबै कुराहरुको जानकारी पायो । उसलाई आफ्नी भाउजूको माया लाग्यो, बाबुको मायाको लागि तड्पिएका भतिजीहरुको बेहाल भएको कल्पनाले उसलाई धुरुधुरु रुवायो ।

कृष्ण एम.ए.को परीक्षा सकेर आफ्नो घर फर्कियो । बृद्ध अवस्थाले गर्दा अशक्त रहेका बुवाको कारण कृष्णलाई पनि नोकरी गर्ने बाध्यता पऱ्यो । ऊ पनि आफ्नो पुर्ख्यौली घर छोडेर सपरिवार शहर भासियो । ऊ चाडपर्व र कुनै विशेष काममा घर आउने गर्थ्यो । बुवा आमाको उदास अनुहार र भाउजूको फुङ्ग उडेको अनुहार देख्दा विचलित हुन्थ्यो । भतिजीहरुले बावुलाई भुलिसकेका थिए । केटाकेटीहरुलाई कुनै घटना भुल्नमा केही समय लाग्दैन । सायद समयले उनीहरूलाई यसो गर्न सिकाएको होला ।

छुट्टीमा घर आउँदा भाउजूको आँशु रित्तिएको आँखामा असंख्य वेदनाहरु कृष्णले देख्थ्यो । उसलाई भाउजूको घाउ कोट्याउन उचित लाग्दैनथ्यो । दुई हप्तासम्म घर बसेर ऊ फेरि आफ्नो कर्मस्थलतिर लाग्थ्यो । छुट्टीको समयमा बाबुआमा र दाजुका परिवारका लागि घर नआई उसको चित्त बुझ्दैन थियो ।

कृष्ण कलेजबाट फर्किएर पसिना ओभाउन कुर्सीमा बसेको मात्र थियो, उसकी पत्नीले हातमा उसको दाजुले लेखेको चिट्ठी थमाइ दिई । चिट्ठीमा उसले लेखेको रहेछ, “मेरो भाइ, आफ्नी विवाहित स्वास्नीको पवित्र प्रेमलाई लत्याएर कान्छी स्वास्नी भित्र्याउने तिम्रो दाजुलाई क्षमा गर । तिम्री भाउजूको मप्रतिको विश्वासलाई मैले घात गरेको छु । भाइ म विश्वासघातक हुँ । भाइ, मेरो जीवनमा आएको उतारचढावले मेरो दैनन्दिनीमा परिवर्तन आएको कुराको अनुभव म आफैं महसुस गर्दैछु । तिम्री भाउजू र छोराछोरीलाई बिल्लिबाठ पारेर पढेकी तरुनीलाई अवैधानिक रुपमा मेरो जीवनमा भित्र्याउनु नै ठूलो भूल गरेछु । यसको पाप मलाई अवश्य लाग्नेछ । मैले आफ्नो परिवार र भरत जस्तो प्यारो भाइलाई मन दुखाएँ, त्यसको लागि क्षमा चहान्छु । भाइ, मे ....री ..कान्छी स्वास्नी भनाउँदी आफ्नो पूर्व प्रेमी डक्टर उदय प्रसादसँग गई । मैले पारपाचुकेको लागि अदालतमा कागजपत्र पेश गरिसकेको छु । हिजोदेखि म तेरी भाउजू र छोरीहरूसँग छु । मलाई माफ गरिदिनु । मेरो प्यारो भाइ ! अब म परिवारलाई कहिले धोका दिनेछैन ।” कृष्णले चिट्ठी पूरा गर्न सकेन । उसका आँखाबाट आँसुको अविरल वर्षा हुन थाल्यो ।

“ढिलै भएपनि दाजुले प्रायश्चित गर्नुभयो ।” ऊ स्वास्नीको काँधमा टाउको अड्याएर केटाकेटी सरह धेरै बेरसम्म रोइरह्यो । मन अलि हलुको भएपछि मुखधुन धारातिर लाग्यो । कृष्ण कलेजको काम र साहित्यिक कार्यक्रममा व्यस्त भएकोले गर्दा घर जान पाएको थिएन ।

